**<u>प्रस्तावहरु</u>**

**१.राहत वितरण सम्बन्धमा ।**

**२.सीमा नाका सुरक्षा सम्बन्धमा ।**

**३.वीमा सम्बन्धमा ।**

**४.रकमको व्यवस्था सम्बन्धमा ।**

**प्रस्ताव नं.१ निर्णय नं. १ माथि** छलफल गर्दा विश्वभरी महामारीका रुपमा फैलिएको नोबेल कोरोना भाइरस (COVID-19) रोकथाम तथा नियन्त्रणका क्रममा देशभरी लकडाउन भएका बेला सर्वसाधारणमा परेको असरलाई मध्यनजर गरी हिमाली गाउँपालिकामा रहेका अति विपन्न नागरिकहरुको पहिचान २ दिन भित्र सबै वडाले गरिसक्नु पर्ने वडाबाट छनौट भई आएका अति विपन्न नागरिकहरुलाई ३० के.जी. चामल र २ के.जी. नुन दिने भन्ने निर्णय सर्वसम्वतबाट पारित गरियो ।

**प्रस्ताव नं.२ निर्णय नं. २ माथि** छलफल गर्दा विश्वभरी महामारीका रुपमा फैलिएको नोबेल कोरोना भाइरस अर्थात (COVID-19) रोकथाम तथा नियन्त्रण गर्न यस हिमाली गाउँपालिकासँग जोडिएका मुख्य सीमा तथा नाकाहरु वडा नं. १ मा मैतर्ना पुल, वडा नं. २ मा नुरीकाँद (काँडागाउँ), वडा नं. ३ मा मासपुर बड्डी साँघु र जौलीखोला, वडा नं. ४ मा लेब्डी पुल र तिथीचौर पुल, वडा नं. ६ झुगला पुल, पाँडीकाँद, रापानी हुनीखोला, र वडा नं. ७ मा अर्थगेचौर पुल र वाई पुलमा प्रति नाकामा २ जनाको व्यवस्था गर्नुका साथै उक्त स्थानमा खटिने यूवाहरुलाई खाना खर्च वापत दैनिक रु ५०० दिने बाँकी वडा नं. ५ कुवाडी मा ४ जना र वडा नं. ७ चुलीगाड र पादुकामा ६ जनालाई खाना खर्च वापत दैनिक रु ७०० व्यवस्था गर्ने निर्णय सर्वसम्वतबाट पारित गरियो ।

**प्रस्ताव नं. ३ निर्णय नं. ३ माथि** छलफल गर्दा विश्वव्यापी रुपमा फैलिएको नोबेल कोरोना भाइरस अर्थात (COVID-19) नियन्त्रण गर्ने कार्यमा खटिने स्वास्थ्यकर्मी, कर्मचारी र पदाधिकारीहरुको मृत्यु भएमा रु.१० लाख वरावरको राहतको स्वरुपको विमा दिने निर्णय सर्वसम्वतबाट पारित गरियो ।

**प्रस्ताव नं. ४ निर्णय नं. ४ माथि** छलफल गर्दा विश्वव्यापी रुपमा फैलिएको नोबेल कोरोना भाइरस अर्थात (COVID-19) नियन्त्रण तथा रोकथाममा लाग्ने खर्चको लागि गाउँपालिकाको विपत कोषको रकम सम्बन्धित कोषमा रकमान्तरण गरी खर्च गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्वतबाट पारित गरियो ।